सशस्त्र प्रहरी बल नेपाल

www.apf.gov.np

SAMARPAN समर्पण

ए.पी.एफ. मासिक

शान्ति सुरक्षा प्रतिवद्धता

बर्ष ४ | अङ्क ११ | पूर्णाङ्क ४७ | पृष्ठ ८ | भाद्र २०८३

माननीय गृहमन्त्री सुधन गुरूङद्वारा विपद् व्यवस्थापन सामग्रीको अवलोकन तथा निरीक्षण

माननीय गृहमन्त्री सुधन गुरुङले प्रधान कार्यालयको भदौ २८ गते विशेष निरीक्षण तथा अवलोकन गर्नुभएको छ । विपद् व्यवस्थापन तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ माननीय गृहमन्त्रीले संगठनसँग उपलब्ध उद्धार सामग्री एवं आधुनिक उपकरणहरूको प्रत्यक्ष निरीक्षण गर्नुभएको हो । निरीक्षणका क्रममा माननीय गृहमन्त्रीले विपद्को समयमा नागरिकको जीउधनको रक्षा गर्न संगठनले खेल्दै आएको भूमिका, विपद् व्यवस्थापनसम्बन्धी आवश्यक तयारी, स्रोतसाधनको वैज्ञानिक उपलब्धता, उद्धार क्षमताको अभिवृद्धि एवं जनशक्तिको प्रभावकारी परिचालनका विषयमा विस्तृत जानकारी लिनुभएको थियो । सोही अवसरमा उहाँले उपलब्ध स्रोतसाधनको उच्चतम प्रयोग गर्दै उद्धार कार्यमा कुनै कसर बाँकी नराख्न संगठनका उच्च अधिकारीहरूलाई निर्देशन समेत दिनुभएको थियो ।

यसैगरी माननीय गृहमन्त्री सुधन गुरुङले भाद्र २९ गते प्रधान कार्यालय र ललितपुरस्थित नागदहमा विपद् व्यवस्थापनका लागि प्रयोग हुने आधुनिक उद्धार सामग्री, बोटहरू तथा खोज र उद्धारमा प्रयोग हुने विशेष उपकरणहरूको निरीक्षण गर्नुभएको थियो । अनुगमनका क्रममा उहाँले पूर्वतयारी चुस्त बनाउँदै घटना घटेको कमभन्दा कम समयभित्रै उद्धार टोली कार्यक्षेत्रमा पुग्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभएको छ ।

सशस्त्र प्रहरी अत्यन्तै अप्ठ्यारो र कठिन भौगोलिक स्थानहरूमा खटिई काम गरिरहेका छन्: गृहसचिव केदारनाथ शर्मा

गृहसचिव केदारनाथ शर्माले सशस्त्र प्रहरी कर्मचारीहरु अत्यन्तै अप्ठ्यारो र कठिन भौगोलिक स्थानहरुमा कुनै किसिमबाट विचलित नभई खटिँदै आईरहेको हुँदा सशस्त्र प्रहरीको जनशक्तिलाई थप विषयमा तथा समयसापेक्ष आवश्यक तालिम प्रदान गर्नुका साथै स्रोतसाधन सम्पन्न गराउनुपर्ने बताउनुभयो ।

भाद्र २९ गते प्रधान कार्यालयको निरीक्षण भ्रमणका क्रममा गृहसचिव शर्माले सो कुरा बताउनुको साथै विपद्को जोखिम बढ्दै गएको हुँदा त्यसको न्यूनीकरणको लागि आवश्यक जनशक्ति, पूर्वतयारी, प्राप्त स्रोतसाधनको प्राथमिकीकरण तथा व्यवस्थापन र जनचेतनाका लागि प्रचार-प्रसारमा समेत ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले सीमामा परिचालित सशस्त्र प्रहरी कर्मचारीहरुको सीमा क्षेत्रका स्थानीय जनताहरुसँग प्रत्यक्ष सम्बन्ध हुने भएकाले सीमावासीसँगको सम्बन्धलाई सुमधुर बनाउँदै सीमा सुरक्षा गर्न र सीमा क्षेत्रमा बढ्दै गएको अपराध तथा अवैध कारोवार नियन्त्रण गर्न आधुनिक प्रविधिको अधिकतम प्रयोग गर्दै थप चनाखो भई परिचालन हुन समेत निर्देशन दिनुभयो ।

गृहसचिव शर्माले सुरक्षा निकायबिच आपसी समन्वयमा काम गर्न सकियो भने फिल्डमा कार्य सम्पादन प्रभावकारी हुने उल्लेख गर्नुहुँदै सोको लागि कुनै पनि घटनाको सम्बन्धमा सूचना आदान-प्रदानको वातावरणलाई थप सशक्त बनाउन जरुरी रहेको बताउनुभयो ।

उहाँले सशस्त्र प्रहरीसँग सम्बन्धित नियम तथा नियमावलीका कमजोर पक्षहरुलाई सुदृढ बनाउन, थप कानूनमा समेट्न तथा परिमार्जनका प्रस्तावहरु तयारी गरी मन्त्रालयमा पठाउनुपर्ने बताउनुहुँदै सशस्त्र प्रहरी बल नेपालको विद्यमान समस्याहरु सहजीकरण र आवश्यक निर्णयहरुमा समेत मन्त्रालय सदैव सकारात्मक रहने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलले गृह प्रशासनसँग लामो समय नजिक भएर काम गरेको अनुभव भएको नेतृत्वलाई अभिभावकका रुपमा पाएकोमा खुशी व्यक्त गर्नुहुँदै गृहसचिवबाट प्राप्त अमुल्य मार्गदर्शन, नीति निर्देशनलाई अक्षरस पालना गर्ने बताउनुभयो ।

उहाँले नेपाल सरकारबाट सशस्त्र प्रहरी बल नेपाललाई प्राप्त म्याण्डेट अनुसार पूर्ण व्यावसायिक र इमान्दारितासाथ कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुहुँदै संगठनका विद्यमान समस्या समाधान जनशक्ति तथा स्रोतसाधनको व्यवस्थापनमा मन्त्रालयको पूर्ण साथ र सहयोग रहने अपेक्षा समेत व्यक्त गर्नुभयो ।

सोही अवसरमा गृहसचिव **बाँकि पृष्ठ ३...**

भोटेकोशी बाढी

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक योगदान र सशस्त्र प्रहरीका पिडित परिवारलाई सहायताको निर्णय

सशस्त्र प्रहरी बल नेपालका सकल राष्ट्र सेवकहरुको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १५ करोड ५० लाख रुपैयाँ जम्मा गर्ने निर्णय भएको छ । कर्मचारीको तलब कट्टा गरी राहत कोषमा जम्मा गर्नुका साथै बाढीमा परी मृत्यु भएका सशस्त्र प्रहरीका आश्रित परिवारलाई तत्काल २५ लाख राहत र कम उपलब्ध गराइने भएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक र अतिरिक्त महानिरीक्षकहरूले १५ दिनको, नायव महानिरीक्षक र वरिष्ठ उपरीक्षकहरुले १२ दिनको, उपरीक्षक, नायव र निरीक्षकहरुले १० दिनको, जुनियर अधिकृतहरूले ७ दिनको, वरिष्ठ हवल्दारदेखि जवान सम्मले ५ दिनको र सशस्त्र प्रहरी परिचरले ३ दिनको तलब बराबरको रकम योगदान गर्नेछन् ।

बीओपी टिमुरे र सुरक्षा बेस मैलुङमा कार्यरत रही बाढीको चपेटाबाट ज्यान जोगाउन सफल भएका सशस्त्र प्रहरी कर्मचारीहरूको हकमा भने रकम कट्टा नहुने भएको छ ।

मृतक सशस्त्र प्रहरी कर्मचारीहरूका आश्रीत परिवारलाई राष्ट्रसेवकहरुको तर्फबाट तत्काल रु. १५ लाख, सशस्त्र प्रहरी कर्मचारीहरुको मृत्यु भएमा निजको हकवाला र आश्रीत परिवारलाई उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७९ बमोजिम रु ५ लाख तथा सशस्त्र प्रहरी बल, नेपाल विपद् प्रकोप राहत कोष सञ्चालन सम्बन्धी मापदण्ड, २०८१ बमोजिम रु.५ लाख समेत गरी कूल २५ लाख रकम तत्काल उपलब्ध गराउने निर्णय भएको हो ।

यसका साथै मृतक कर्मचारीहरुले कल्याणकारी कोषबाट लिइएको बाँकी ऋण मिनाहा गर्ने र निजका सन्ततिलाई नेपाल एपीएफ स्कुलमा कक्षा १० सम्मको अध्ययनको लागि शैक्षिक शुल्क छुट गर्ने निर्णय समेत

वीरगति प्राप्त सशस्त्र प्रहरी जवान कुँवरको परिवारलाई सशस्त्र प्रहरी महानिरीक्षक पौडेलद्वारा समवेदना व्यक्त

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी कर्तव्य पालनाकै क्रममा वीरगति प्राप्त गर्नुभएका सशस्त्र प्रहरी जवान साजन कुँवरप्रति सशस्त्र प्रहरी बल नेपालले भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ ।

विपद्को घडीमा नागरिकको जीउधनको रक्षाका लागि अग्रपंक्तिमा खटिएकै अवस्थामा कुँवरलाई भाद्र १० गते आएको बाढीले बगाएको थियो । सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलले नुवाकोटको लिखु गाउँपालिका-१, बरफेदीस्थित स्वर्गिय कुँवरको घरमै पुगेर शोकविह्वल परिवारजनलाई समवेदना प्रकट गर्नुभएको हो ।

भेटका क्रममा महानिरीक्षक पौडेलले संगठनले सुम्पेको जिम्मेवारी निर्वाह गर्ने क्रममा जवान कुँवरले देखाउनुभएको साहस र बलिदानको इतिहास प्रति संगठन सधैँ ऋणी रहने बताउनुभयो । महानिरीक्षक पौडेलले सोही बाढीमा परी बेपत्ता हुनुभएका सशस्त्र प्रहरी सहायक हवल्दार आशिष पौडेलको परिवारसँग समेत भेटघाट गरी सहानुभूति प्रकट गर्नुभएको छ ।

गरेको छ । सशस्त्र प्रहरी कर्मचारीका आश्रीत परिवारका सदस्य सोही बाढीका कारण मृत्यु भएमा राहत स्वरुप प्रतिव्यक्ति रु.१ लाख तत्काल उपलब्ध गराउने र मृत्यु भएका सशस्त्र प्रहरी कर्मचारीहरुको स्मृतिमा संगठनको तर्फबाट उपयुक्त स्थानमा स्मारक निर्माण गरिने भएको छ । मृत्यू भएका सशस्त्र प्रहरी कर्मचारीहरुका आश्रित परिवारका १/१ जना सदस्यहरुलाई सीपमूलक तालिम प्रदान गर्ने र सोही दिनको बाढीमा परी ज्यान जोगाउन सफल भएका ५ जना सशस्त्र प्रहरी कर्मचारीलाई जनही रु.५० हजारका दरले तत्काल उपलब्ध गराउने समेत संगठनले निर्णय गरेको छ ।

यसका साथै बाढी प्रभावित अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएमा वा घरवारविहीन भएमा १ लाख र आंशिक भौतिक संरचनाको क्षति वा घाइते भएको अवस्थामा रु. ५० हजार सम्म उपलब्ध गराउने निर्णय भएको छ ।

सशस्त्र प्रहरी बल, नेपालको सञ्चालनः

१. नेपालको कुनै आगाना सधको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्ने,
२. नेपालको कुनै आगाना सधको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्ने,
३. नेपालको कुनै आगाना सधको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्ने,
४. नेपालको कुनै आगाना सधको वा हुन सक्ने दंगा नियन्त्रण गर्ने,
५. नेपालको कुनै आगाना सधको वा हुन सक्ने दैवी प्रकोप र सहकार्यबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउने,
६. नेपालको कुनै नागरिक वा अरु कसैलाई अपहरण जस्तिमा अपहरित व्यक्तिको उद्धार गर्ने वा अन्य कुनै किसिमको अपहरण तथा गम्भिर अपराध घटेमा वा गम्भिर प्रकृतिको अपहित अवस्था वा हुने आशंका अवस्था व्यक्तिलाई नियन्त्रण गर्ने,
७. नेपालको सीमा सुरक्षा गर्ने,
८. बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको सहायतामा रही सहयोग गर्ने,
९. नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्ने,
१०. नेपाल सरकारले सुरक्षा दिनु पर्ने तोकिएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्ने,
११. यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमका उल्लेख भएका वा अन्य प्रचलित कानुन बमोजिम तोकिएका कार्यहरुका गर्ने,
१२. नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

स्रोत सशस्त्र प्रहरी ऐन २०७८ को परिच्छेद २, दफा (६) को उपदफा (१) ।

१३. नेपाल सरकार मन्त्रिपरिषद्को २०६७ असोज १९ गतेको निर्णयानुसार राजश्व, अनुसार तथा औद्योगिक सुरक्षा गर्ने।
१४. नेपाल सरकार मन्त्रिपरिषद्को २०६७ पौष १४ गतेको निर्णयानुसार रेलवे सुरक्षा गर्ने ।

बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत व्यवस्थापनको लागि सशस्त्र प्रहरी परिचालन

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीपछि बेपत्ता भएकाहरूको खोजी र उद्धारको लागि सशस्त्र प्रहरी बल, नेपालले विभिन्न उपकरणसहित ४ हजार २ सय भन्दा बढी जनशक्ति परिचालन गरेको छ ।

सशस्त्र प्रहरीले बाढी प्रभावित रसुवा, नुवाकोट, धादिङलगायत तनहुँ, गोरखा, चितवन, पूर्वी नवलपरासी र पश्चिम नवलपरासीका विभिन्न क्षेत्रमा बेस क्याम्प स्थापना गरी खोजीकार्यलाई तीव्रता दिएको हो ।

परिचालन गरिएको छ ।

खोजीकार्यलाई थप प्रभावकारी बनाउन ५ वटा ड्रोनसहितको विशेष ड्रोन स्क्वाड र ७ वटा के-९ डग, मेडिकल फस्ट रेस्पोन्डर (एमएफआर), रोप रेस्क्यु, डेड बडी म्यानेजमेन्ट, स्विफ्ट वाटर रेस्क्यु टिम, मास क्याजुअल्टी भेहिकल (एमसिभी) सहितका बिशेष टोली परिचालन गरिएको छ । बाढी प्रभावित विभिन्न ठाउँमा सशस्त्र प्रहरी बल नेपालका गोताखोर टोली

परिचालित टोलीमा दक्ष खोज तथा उद्धारकहरूका साथै शिविर समन्वय तथा व्यवस्थापन टोली र प्राथमिक उपचारको लागि चिकित्सकसहितको टोली रहेका छन् । यसका साथै भत्किएका संरचनामा खोज तथा उद्धारको लागि छुट्टै ६९ जनाको टोली समेत

समेत खटिएको छ । बाढीमा परेकाहरुको खोजीकार्यको लागि सशस्त्र प्रहरी बल नेपालले अन्य थप जनशक्ति समेत तयारी अवस्थामा राखेको छ । बाढीमा परेकाहरुको सशस्त्र प्रहरीको एकल तथा संयुक्त प्रायसमा गरी ५ हजार ३ सय भन्दा बढीको सकुशल उद्धार गरिएको छ ।

भोटेकोशी हुँदै त्रिशुली नदीतटीय भेगमा प्रभावित विभिन्न ४८ वटा वडाहरुमा रहेका १२ सय भन्दा बढी विपद् सूचकहरु मार्फत सूचना संकलन गरी उद्धार कार्यलाई व्यवस्थित बनाईएको छ ।

यसैगरी सशस्त्र प्रहरी बल नेपालले बाढी प्रभावित क्षेत्रका नागरिकहरूको सहयोगका लागि विभिन्न ठाउँमा होल्डिङ् सेन्टर निर्माण गर्नुकासाथै राहत सामग्री ढुवानीमा सक्रियतापूर्वक खटिएको छ ।

नदी किनारा तथा जोखिमयुक्त स्थानहरुका बस्तीमा सशस्त्र प्रहरीले गाडी तथा गस्ती टोलीमार्फत साईरन बजाई तथा माईकिङ्ग गरी तत्काल सुरक्षित स्थानमा स्थानान्तरण हुन समेत जानकारी गराईएको थियो । त्यस्तै बाढीमा परेकाहरुको तत्काल उपचारको लागि नेपाल एपीएफ अस्पतालमा वेडहरु समेत तयारी हालतमा राखिएको छ ।

सामग्रीसहितको Disaster Relief System (DRS) कन्टेनरहरू बाढी प्रभावित क्षेत्रहरुमा तत्काल पुऱ्याएको छ । त्यसैगरी बाढी प्रभावित क्षेत्रबाट सशस्त्र प्रहरीको एकल तथा नेपाली सेना, नेपाल प्रहरी र विभिन्न निकायको संयुक्त प्रयासबाट १ हजार ४ सय भन्दा बढीको शव फेला पारिएको हो ।

भोटेकोशी बाढीको कारण नुवाकोटमा फसेकाहरुलाई सशस्त्र प्रहरीको सवारी साधनमा राखी काठमाडौं ल्याएको छ । साथै उद्धार र सहायताका लागि सशस्त्र प्रहरी बल नेपालको निःशुल्क हटलाईन नम्बर १११४ मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिएको छ ।

भोटेकोशी तथा त्रिशुली नदिको माथिल्लो तटीय क्षेत्रमा थुनिएको हिमपहिरो एक्कासी खुल्नसक्ने वा थप बाढी जोखिमबारे पूर्वसूचना प्राप्त गर्न र क्षति न्यूनिकरणको लागि समकक्षी सुरक्षा निकायहरुसँग

घटना भएको दिनदेखि नै बाढी प्रभावित क्षेत्रहरुमा विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्य शिविर स्थापना गरी निरन्तर सेवा दिइरहेको छ ।

यसैगरी, सशस्त्र प्रहरीले बाढी प्रभावित क्षेत्रमा विद्युतीय उर्जाको आवश्यकता पूर्ति गर्न ८ वटा जेनेरेटर, आवश्यक इन्धन, ५ वटा सोलार प्यानल र १५ वटा ग्यास सिलिन्डर लगायतका अत्यावश्यक सामग्रीहरू सुरक्षित रूपमा पुऱ्याएको छ । विभिन्न क्षेत्रमा तयारी अवस्थामा राखिएका आपतकालिन राहत तथा उद्धार सशस्त्र प्रहरीले निरन्तर समन्वय तथा संवाद र सूचना आदान-प्रदान गरिरहेको छ ।

बाढी प्रभावित क्षेत्रका विभिन्न ठाउँहरुमा खोज तथा उद्धारको लागि सशस्त्र प्रहरी बल नेपालका दक्ष जनशक्ति परिचालन गरी बाढीमा परेकाहरुको खोज तथा उद्धार, स्वास्थ्य सेवा, आपतकालिन औषधी उपचार, होल्डिङ सेन्टर व्यवस्थापन तथा राहत सामग्री वितरण लगायतका कार्यमा समेत निरन्तर रुपमा खटिँदै आईरहेको छ ।

६ वर्षीया बालिकाको जीवितै उद्धार

रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका-२ टिमुरेमा माटोमुनि पुरिएको अवस्थामा ६ वर्षीया बालिकाको सशस्त्र प्रहरीले भाद्र १२ गते जीवितै उद्धार गरेको छ । भोटेकोशी बाढीमा परेकाहरुको खोजी तथा उद्धारमा खटिएको सशस्त्र प्रहरीले माटोमुनि बालिका रोइरहेको आवाज सुनेपछि तत्काल उत्खनन् गरी उनीलाई बाहिर निकालेको हो ।

उद्धार पश्चात उनलाई बोर्डर आउट पोष्ट टिमुरेमा ल्याई न्यानो बनाई राखिएको थियो । प्रारम्भिक उपचारपछि स्वास्थ्य अवस्था कमजोर बन्दै गएकाले थप उपचारको लागि उनलाई हेलिकप्टरमार्फत काठमाडौं पठाइएको छ ।

बाढीले पुरिएको घरबाट ६४ वर्षीया महिलाको जीवितै उद्धार

भोटेकोशी नदीमा आएको बाढीले पुरिएको चार तल्ले घरबाट सशस्त्र प्रहरीले एक महिलाको जीवितै उद्धार गरेको छ ।

भाद्र २० गते नुवाकोट जिल्लाको विदुर नगरपालिका-१० बेत्रावतीस्थित बाढीले पुरिएको चारतल्ले घर भित्रबाट ६४ वर्षिया चण्डिका श्रेष्ठको जीवितै उद्धार गरेको हो ।

नं. १९ गुल्म नुवाकोटबाट सशस्त्र प्रहरी निरीक्षक सुमन कुमार वि.क. को कमाण्डमा खटिएको टोलीले उनको जीवितै उद्धार गरेको हो । उद्धार गरिएका उनलाई उपचारको लागि हेलिकप्टर मार्फत काठमाडौं पठाईएको छ ।

सुरुङभित्र फसेका दुई जनाको जीवितै उद्धार

बाढी आएको १०औं दिनमा भाद्र १९ गते बिहान रसुवास्थित त्रिशुली ३ए बाट नेपाली सेना र सशस्त्र प्रहरी बल नेपालको संयुक्त उद्धार टोलीले सुरुङ भित्र फसेका सञ्जय साह र कबीर महर्जनको जीवितै उद्धार गरेको छ । सुरुङभित्र थुनिएका उनीहरुलाई सकुशल बाहिर निकाली उपचारको लागि काठमाडौं पठाईएको छ ।

सो स्थानमा सशस्त्र प्रहरी नायव उपरीक्षक अमृत थापाको कमाण्डमा १८ जनाको कोल्याप्स स्ट्रक्चर सर्च एन्ड रेस्क्यु (सीएसएसआर) टोली खटिएको थियो ।

माटोमुनि पुरिएको लकर फेला

भाद्र १३ गते धादिङ जिल्लाको गल्छी गाउँपालिका-६ बैरेनीस्थित पृथ्वी लोकमार्गमा माटोले पुरिएको अवस्थामा पैसा राख्ने लकर फेला पारिएको छ ।

विपद् व्यवस्थापन बेस आदमघाटबाट खटिएको सशस्त्र प्रहरी नायव उपरीक्षकको कमाण्डमा खटिएको टोलीले फेला पारेको हो भने फेला पारिएको लकर आवश्यक कारवाहीको लागि नेपाल प्रहरीलाई बुझाइएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-१ ठिमूरास्थित नारायणी नदीबाट शव निकाल्दै नं. १७ गण चितवनको टोली ।

'विपद्को समयमा आदेशको प्रतिक्षा गरेर बस्ने होईन, आफ्नो जिम्मेवारी र परिस्थितीको गाम्भिर्यता बुझी तत्काल परिचालन हुनुपर्दछ'- सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेल

बाढी प्रभावित क्षेत्रमा सशस्त्र प्रहरी महानिरीक्षक

सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलले रसुवाको भोटेकोशी नदीमा आएको बाढी प्रभावित क्षेत्रको स्थलगत अनुगमन गर्नुभई खोज, उद्धार तथा राहत कार्यको बस्तुस्थिती बारे जानकारी लिनुभएको छ। सोही क्रममा उहाँले माननीय गृहमन्त्री सुधन गुरुङसँग बाढी प्रभावित क्षेत्रमा सञ्चालित थप कार्ययोजनाको बारेमा समेत छलफल गर्नुभएको थियो।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेल बाढी प्रभावित क्षेत्रमा भइरहेको खोज तथा उद्धार कार्यको वास्तविक अवस्था, परिचालन र व्यवस्थापनको वस्तुस्थिती बुझ्न नं. १९ गुल्म नुवाकोट पुग्नुभई सशस्त्र प्रहरी कर्मचारीहरुलाई विपद्मा परेका नागरिकहरुको सेवा, सुरक्षा र उद्धारमा कुनैपनि कसर बाँकी नराखी कार्य गर्न निर्देशन दिनुभएको छ । सोही अवसरमा उहाँले बाढी प्रभावित क्षेत्रमा खटिनु भएका नं. ३ गढिमाई वाहिनी मुख्यालय मकवानपुरका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक किरण बस्नेतबाट सशस्त्र प्रहरी बल नेपालको परिचालन, स्रोत साधनको व्यवस्थापन तथा विशेषज्ञ टोलीबाट भईरहेको खोज तथा उद्धार कार्यको बारेमा जानकारी लिनुभएको थियो।

त्यसैगरी महानिरीक्षक पौडेलले नुवाकोट जिल्लाको विदुर नगरपालिका-४ स्थित पृथ्वी माध्यमिक विद्यालयमा स्थापना गरिएको सशस्त्र प्रहरी बल नेपालको हेल्थ क्याम्प तथा सोही नगरपालिका-५ देवीघाटस्थित आयुर्वेदिक स्वास्थ्य केन्द्रमा रहेको होल्डिङ सेन्टरको समेत अवलोकन गर्नुभई सशस्त्र प्रहरी कर्मचारीहरुलाई स्वास्थ्य सेवा तथा व्यवस्थापनमा प्रभावकारी कार्य गर्न हौसला प्रदान गर्नुभयो।

साथै उक्त क्षेत्रमा सशस्त्र प्रहरी बल नेपालको विशेषज्ञ टोलीबाट भईरहेको कामकारवाहीको बारेमा जानकारी लिनुकासाथै डग स्नीफिङ तथा उद्धार टोलीले गरेको कार्यको समेत स्थलगत अनुगमन गर्नुभई सो क्षेत्रमा खटिएका सशस्त्र प्रहरी कर्मचारीहरुलाई उच्च मनोवलकासाथ कार्य गर्न निर्देशन दिनुभयो।

बाढी प्रभावित क्षेत्रमा सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सो क्षेत्रका स्थानिय वासिन्दाहरुसँग छलफल गरी त्यस ठाउँको वस्तुस्थितीबारे जानकारी लिनुकासाथै विपद्को कठिन घडीमा नेपाल सरकारको पूर्ण सामर्थ्यकासाथ खोज, उद्धार र राहत कार्यलाई निरन्तरता दिईरहने समेत बताउनुभयो।

रसुवागढी सीमानाकामा राष्ट्रिय झण्डा

नेपाल-चीन अन्तर्राष्ट्रिय सीमानाका रसुवागढीमा बाढी प्रभावितहरूको खोज तथा उद्धारका लागि खटिएको सशस्त्र प्रहरी बल, नेपालको विशेष टोलीले राष्ट्रिय झण्डा पुनः राखेको छ।

भाद्र २० गते रसुवा जिल्लाको गोसाइँकुण्ड गाउँपालिका-२ स्थित सीमानाकामा उक्त झण्डा र ाखिएको हो। गत भाद्र १० गते ल्हेन्दे खोलामा आएको भीषण बाढीका कारण उक्त क्षेत्रको बाटो पूर्णरूपमा क्षतिग्रस्त भएको थियो । बाटो भत्किएपछि सीमा इलाकाको नियमित अनुगमनसमेत गर्न नसकिने जटिल अवस्था सिर्जना भएको थियो। बाढी प्रभावितहरूको खोज तथा उद्धारका साथै राष्ट्रिय स्वाभिमान र सीमा सुरक्षाको जिम्मेवारीलाई उच्च प्राथमिकतामा राख्दै सशस्त्र प्रहरीको टोली त्यसतर्फ परिचालन भएको थियो। नं. २० गुल्म रसुवाका सशस्त्र प्रहरी नायब उपरीक्षक प्रदिप राईको कमाण्डमा बोर्डर आउट पोस्ट टिमुरेबाट खटिएको टोली पर्वतीय उद्धार सामग्रीहरूको प्रयोग गर्दै करीव ३ किलोमिटर दुरीको अत्यन्तै जोखिमयुक्त भिरको बाटो छिचोलेर सीमानाकासम्म पुगेको हो।

सो अन्तर्राष्ट्रिय सीमानाका रसुवागढीमा नेपाली सेनाको टोलीसमेत हेलिकप्टरमार्फत पुगेको थियो। त्यसपछि सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले संयुक्त रूपमा सो स्थानमा सफलतापूर्वक राष्ट्रिय झण्डा फहराएका हुन्।

भोटेकोशी बाढी प्रभावित क्षेत्रमा स्वास्थ्य उपचार सेवा

सशस्त्र प्रहरी बल नेपालले भाद्र १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढी प्रभावित क्षेत्रका ४ हजार ५ सय भन्दा बढी नागरिकको स्वास्थ्य उपचार गरेको छ। बाढी प्रभावित क्षेत्रहरुमा भाद्र १० गतेदेखि हेल्थ क्याम्प खडा गरी स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको हो।

नेपाल एपीएफ अस्पताल बलम्बुबाट खटिएको दक्ष चिकित्सकसहितको टोलीले बाढी प्रभावित क्षेत्रको विभिन्न ठाउँमा हेल्थ क्याम्प खडा गर्नुकासाथै कारागार तथा होल्डिङ सेन्टरमा रहेकाहरुको स्वास्थ्य उपचार गरेको हो।

सो अस्पतालबाट विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्यकर्मी टोलीले रसुवाको जिल्ला अस्पताल धुन्चे र टिमुरे, नुवाकोटको आयुर्वेद चिकित्सालय, क्रियापुत्री भवन, केन्द्रीय कारागार नुवाकोट, सेतीदेवी आधारभूत विद्यालय, क्षेत्रपाल आधारभूत विद्यालय, रणभुवनेश्वरी माध्यमिक विद्यालय, नुवाकोट स्वास्थ्य चौकी लगायतका ठाउँहरुमा हेल्थ क्याम्प सञ्चालन गरेको छ।

त्यसैगरी धादिङको गल्छी र काठमाडौको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा समेत हेल्थ क्याम्प खडा गरी सेवा प्रदान गर्दै आईरहेको हो। नुवाकोटस्थित केन्द्रीय कारागार भित्र फैलनसक्ने सम्भावित सरुवा रोग तथा स्वास्थ्य समस्यालाई ध्यानमा राखी सशस्त्र प्रहरी बल नेपालको चिकित्सकसहितको टोलीले विशेष स्वास्थ्य परीक्षण गरेको छ। उक्त कारागारमा भाद्र १७ गते १ सय ८५ जना र २४ गते २ सय १७ जना गरी ४ सय २ जना कैदीबन्दीहरुको स्वास्थ्य परिक्षण तथा स्वास्थ्य सम्बन्धी आवश्यक परामर्श समेत प्रदान गरेको हो।

सशस्त्र प्रहरी बल नेपालको चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोलीले विरामीको उपचारमा मात्र सीमित नरही वातावरणीय स्वच्छता कायम तथा विपद् पश्चात् फैलन सक्ने महामारी नियन्त्रणको लागि नुवाकोटको देवीघाट बजार क्षेत्र, देवीघाट माध्यमिक विद्यालय परिसर र केन्द्रीय कारागार नुवाकोट क्षेत्रमा किटनाशक औषधी छरेको छ। त्यसैगरी नुवाकोटस्थित क्रियापुत्री भवन क्षेत्रमा समेत सरसफाई गरेको छ।

नेपाल एपीएफ अस्पतालबाट दक्ष चिकित्सकसहित खटिएको टोलीले बाढी प्रभावित क्षेत्रमा स्वास्थ्य शिविर मार्फत बालबालिका, वृद्धवृद्धा तथा कैदीबन्दी लगायतलाई स्वास्थ्य उपचार सेवा निरन्तर रुपमा प्रदान गर्दै आईरहेको छ। सशस्त्र प्रहरीले बाढी प्रभावित क्षेत्रमा घाइते भएकाहरुको उद्धार र सहयोगका लागि मास क्यासुअल्टी भेहिकल समेत परिचालन गर्नुकासाथै बाढीमा परी घाइते भएकाहरूको उपचारको व्यवस्था मिलाउन नेपाल एपीएफ अस्पताल र विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारमा रहेको ट्रमा सेन्टर समेत सञ्चालन तथा तयारी अवस्थामा राखेको छ।

आपतकालीन राहत तथा उद्धार सामग्री बाढी प्रभावित क्षेत्रमा पुऱ्याईदै

भोटेकोशी वाढी प्रभावित क्षेत्रमा उद्धारको लागि रसुवा, नुवाकोट, धादिङ र चितवन जिल्लास्थित सशस्त्र प्रहरी बल नेपालका युनिटहरुबाट उद्धारका सामग्रीसहित सशस्त्र प्रहरी कर्मचारीहरु परिचालन भएका छन्।

विभिन्न क्षेत्रमा तयारी अवस्थामा राखिएका आपतकालिन राहत तथा उद्धार सामग्रीसहितको Disaster Relief System (DRS) कन्टेनरहरू बाढी प्रभावित क्षेत्रहरुमा तत्काल पुऱ्याउने कार्य भएको छ।

बाढीमा परी घाइते भएकाहरूका लागि तत्काल प्राथमिक उपचारको व्यवस्था मिलाउन Mass Casualty Vehicles (MCV) सहितको चिकित्सा तथा उद्धार टोलीलाई बाढी प्रभावित क्षेत्रमा परिचालन गरिएको छ।

नदी किनारा तथा बाढी प्रभावित क्षेत्रहरुमा हराईरहेका नागरिकहरुको लोकेशन पत्ता लगाउन तथा क्षति मुल्यांकन गर्न सशस्त्र प्रहरीले ड्रोन परिचालन गरेको छ। शिविरहरुमा हैजा तथा पानीजन्य रोग फैलन नदिन सशस्त्र प्रहरी बल नेपालले आपतकालीन खानेपानी शुद्धिकरण र औषधि समेत वितरण कार्य गरेको छ।

त्यस्तै आपतकालीन उद्धारको लागि परिचालन भएका नेपाली सेना तथा निजी क्षेत्रका हेलिकप्टरहरुको सुरक्षित उडान तथा अवतरणको लागि ल्यान्डिङ जोनहरुको तयार गरिएको छ, भने राहत सामाग्री हेलिकप्टर मार्फत वितरण गर्ने कार्यमा समेत सशस्त्र प्रहरीको टोली परिचालन हुँदै आईरहेको छ।

अलपत्र परेका नागरिकको सकुशल उद्धार

गत भाद्र १० गते रसुवा जिल्लास्थित भोटेकोशी नदीमा आएको विनाशकारी बाढीको कारण चीनको केरुङ्ग नाकामा अलपत्र परेका ७ सय ४१ जना नेपाली नागरिकहरूको सकुशल उद्धार गरिएको छ।

उनीहरुलाई नेपाल-चीन सीमावर्ती कोदारी नाका हुँदै सकुशल स्वदेश फर्काइएको हो । चीन सरकारको विशेष सहयोग तथा सीमा नाकामा सशस्त्र प्रहरी बल, नेपालको प्रत्यक्ष सहजीकरण एवं समन्वयमा उनीहरूलाई सुरक्षित रूपमा काठमाडौँतर्फ पठाईएको छ । स्थलमार्ग अवरुद्ध भई चीनतर्फ रोकिएका नेपाली नागरिकहरूलाई भाद्र १८ गतेदेखि भाद्र २९ गतेसम्म सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका-२ स्थित कोदारी नाकाबाट नेपाल प्रबेस गराइएको हो।

उनीहरुलाई स्थानीय तह तथा विभिन्न संघ-संस्थासँगको समन्वयमा सवारी साधनहरूको

व्यवस्था गरी काठमाडौँतर्फ पठाइएको हो। सीमा क्षेत्रमा नागरिकको सुरक्षित उद्धार तथा आवागमन सहजीकरणका लागि बोर्डर आउटपोष्ट तातोपानीबाट सशस्त्र प्रहरी नायव निरीक्षक भूप बहादुर बुढाथोकीको कमाण्डमा १५ जनाको विशेष टोली निरन्तर परिचालन भएको छ।

रसुवाको भोटेकोशीमा आएको बाढी पश्चात त्रिशुली र नारायणी नदीमा फेला परेका शवहरुको व्यवस्थापन कार्यमा खटिँदै।

सशस्त्र प्रहरीले अत्यन्तै...

केदारनाथ शर्माले सशस्त्र प्रहरी बल नेपालले विपद् व्यवस्थापनको लागि प्रयोगमा ल्याएको फायर फाइटिङ, रोप रेस्क्यु, माउण्टेन रेस्क्यु, वाटर रेस्क्यु, डिप डाइभिङ, लाइफ डिटेक्टिङ र कोल्याप्स स्ट्रक्चर सर्च एन्ड रेस्क्युका उपकरणहरु तथा ड्रोन लगायतका सामग्रीहरुको अवलोकन गर्नुभएको थियो।

कार्यक्रममा सशस्त्र प्रहरी नायव महानिरीक्षक कृष्ण ढकालले सशस्त्र प्रहरी बल नेपालको कार्यादेश, संरचना, विपद् व्यवस्थापन, आन्तरिक सुरक्षा, राजस्व संकलनमा सहयोग, सीमा सुरक्षामा परिचालन तथा विद्यमान सुरक्षा चुनौती लगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।

स्थापना दिवस

नं. ३ गढीमाई वाहिनी मुख्यालय, मकवानपुर

नं. ३ गढीमाई वाहिनी मुख्यालय मकवानपुरको नवौँ स्थापना दिवस सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलको प्रमुख आतिथ्यमा भाद्र ६ गते सम्पन्न भएको छ ।

कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले विपद्को समयमा आदेशको प्रतिक्षा गरेर बस्ने होईन, आफ्नो जिम्मेवारी र परिस्थितीको गाम्भिर्यता बुझी तत्काल परिचालन हुन निर्देशन दिनुभएको छ ।

उहाँले एक्लो प्रयासबाट मात्रै विपद्लाई पूर्ण व्यवस्थापन गर्न नसकिने हुँदा प्रभावकारी समन्वय र सहकार्य नै विपद् व्यवस्थापनको प्रमुख आधार भएको उल्लेख गर्नुहुँदै यसका लागि प्रदेश तथा स्थानीय सरकारसँग आवश्यक समन्वय र सहकार्यका साथ विपद् व्यवस्थापनमा थप सक्रिय भई परिचालन हुनुपर्नेमा जोड दिनुभयो ।

आफ्नो व्यक्तिगत आग्रह पूर्वाग्रहलाई थाँती राख्दै कमाण्डर तथा नेतृत्व वर्गसँग हातेमालो गरी संगठन विकासमा एउटै लक्ष्यकासाथ अघि बढ्न र आफ्नो कर्तव्य पथमा अविचलित भई लागि रहन निर्देशन दिनुहुँदै महानिरीक्षक पौडेलले भन्नुभयो-'म होईन, हामी भन्ने मान्यताका साथ आफ्नो जिम्मेवारी बोध गरी परिचालित भएमा बृत्तिविकासका अवसरहरु आफै सिर्जना हुँदै जान्छन् ।'

उहाँले सीमावासीसँगको सुमधुर सम्बन्ध नै सीमा सुरक्षाको महत्वपूर्ण कडी भएको हुनाले उनीहरुको विश्वास, सहयोग र सहभागितालाई सीमा सुरक्षा र व्यवस्थापनलाई प्रभावकारी रुपमा जोड्नुपर्ने बताउनुहुँदै सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रमलाई थप सुदृढ गरी अन्य कार्यक्रमहरु समेत सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा वार्षिकोत्सव अवसरमा सञ्चालन गरिएका विभिन्न खेलकुद प्रतियोगिताका विजयी खेलाडी तथा टिम, वर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, वाहिनीलाई सहयोग पुऱ्याउने विभिन्न संघसस्था तथा महानुभावहरुलाई समेत कदरपत्र, पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

सहिदका परिवारहरूसँग सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलको भेट

सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलले सहिदका परिवारहरुसँग भेटघाट गर्नुभएको छ ।

नं. ५ विन्ध्यावासिनी वाहिनी मुख्यालय रुपन्देहीको नवौँ वार्षिकोत्सव तथा वाहिनी मातहत कार्यालयहरुको अवलोकन भ्रमणका क्रममा उहाँले सशस्त्र प्रहरी सहायक निरीक्षक स्व. ईश्वर बहादुर थापाको परिवारसँग भेटघाट गर्नुभएको हो । साथै यसअघि सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलले भाद्र ६ गते सशस्त्र प्रहरी सहायक हवल्दार स्व.असिम श्रेष्ठको घरमा पुगी उनका परिवारसँग भेटघाट गर्नुभएको थियो ।

भेटघाटका क्रममा महानिरीक्षक पौडेलले राष्ट्र र संगठनको हक हितका लागि आफ्नो ज्यानको आहुति दिने सहिदप्रति उच्च सम्मान प्रकट गर्नुहुँदै उनीहरुको परिवारजनमा परेको समस्याको समाधानको लागि संगठन सधै सकारात्मक रहने बताउनुभयो ।

उहाँले सहिदको रगत र पसिनाले गर्दा संगठन आज यहाँसम्म आईपुगेको उल्लेख गर्नुहुँदै सहिदका घर तथा परिवारमा पर्ने पीर, मर्का तथा समस्या समाधानको लागि नजिकै रहेको सशस्त्र प्रहरी बल नेपालको युनिटहरुमा सम्पर्क गर्नुहुन समेत सुझाव दिनुभएको छ ।

वीरगति प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको रगत र पसिनाले गर्दा संगठन आज यो अवस्थामा आई पुगेको उल्लेख गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले भन्नुभयो-'हाम्रा परिवारको सदस्यले कर्तव्य पालनाको सिलसिलामा वीरगति प्राप्त गरेपनि संगठनले हाम्रो लागि काम गर्नेछ भन्ने भावना राख्नुहोला ।'

कर्तव्य पालनाको सिलसिलामा सशस्त्र प्रहरी सहायक निरीक्षक स्व.ईश्वर बहादुर थापाले रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका-१ बेलहियामा २०६२ साल पुस २२ गते र सशस्त्र प्रहरी सहायक हवल्दार स्व.असिम श्रेष्ठले अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्कमा २०५९ साल भाद्र २४ गते वीरगति प्राप्त गरेका थिए ।

नं. ३२ रक्तकाली गण, सुर्खेत

नं. ३२ रक्तकाली गण सुर्खेतको २५औँ स्थापना दिवस नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतको वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कृष्णराज पाठकको प्रमुख आतिथ्यमा भाद्र ३ गते विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

सोही अवसरमा नायव महानिरीक्षक पाठकले गणमा बर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी तथा स्थापना दिवसको अवसरमा सञ्चालन गरिएको विभिन्न खेल विद्याहरुमा उत्कृष्ट हुने खेलाडीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

नं. ५ बिन्ध्यावासिनी वाहिनी मुख्यालय, रूपन्देही

नं. ५ बिन्ध्यावासिनी वाहिनी मुख्यालय रुपन्देहीको नवौं स्थापना दिवस सशस्त्र प्रहरी महानिरीक्षक पौडेलको प्रमुख आतिथ्यमा भाद्र ७ गते विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

स्थापना दिवसको अवसरमा महानिरीक्षक पौडेलले व्यक्तिगत स्वार्थ र चाहनाहरु कहिल्यै पनि राष्ट्रको आवश्यकता भन्दा माथि नहुने उल्लेख गर्नुहुँदै हामी सबैमा देश र देशवासीप्रतिको सेवा र समर्पण भाव सदैव अन्तर्निहित र अक्षुण्ण हुन जरुरी रहेको बताउनुभयो ।

उहाँले सीमा सुरक्षा देशको सार्वभौमिकता र राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष रूपमा जोडिएको संवेदनशील विषय भएकोले सीमानामा हुने गैरकानूनी क्रियाकलापले समग्र राज्यको अर्थतन्त्र र शान्ति सुरक्षामा नै प्रत्यक्ष असर पार्ने उल्लेख गर्नुहुँदै सशस्त्र प्रहरी बल नेपालको मुख्य जिम्मेवारी सीमा सुरक्षा भएकाले सीमा सुरक्षासँग सम्बन्धित हरेक विषयमा संस्थागत रूपमा जिम्मेवार, जवाफदेही र संवेदनशील भई कार्यसम्पादन गर्न सीमा सुरक्षार्थ खटिने सशस्त्र प्रहरी कर्मचारीहरुलाई निर्देशन दिनुभयो । उहाँले सीमाक्षेत्रमा हुने अवैध गतिविधिहरूको सूक्ष्म निगरानी, सूचना सङ्कलन तथा विश्लेषण, अन्तरनिकाय समन्वयमा विशेष जोड दिनुपर्ने बताउनुहुदै पछिल्लो समयमा लागूऔषधको अवैध ओसार पसार तथा प्रयोग गम्भीर सामाजिक समस्याको रूपमा बढ्दै गएको हुँदा सीमाक्षेत्रबाट हुने लागूऔषध ओसार पसार नियन्त्रणलाई विशेष प्राथमिकतामा राखी कार्य गर्न समेत निर्देशन दिनुभयो ।

यसैगरी, विपद् व्यवस्थापनको क्षेत्रमा वाहिनी तथा मातहत कार्यालयहरुले समेत उत्कृष्टताका साथ कार्यसम्पादन गर्दै आईरहेको चर्चा गर्नुहुँदै महानिरीक्षक पौडेलले सो वाहिनी तथा वाहिनी मातहत कार्यालय प्रमुखहरुलाई विपद्को समयमा तत्काल परिचालन हुनसक्ने गरी आवश्यक उद्धार सामाग्रीसहित तयारी हालत रहन, सीमा क्षेत्रमा हुने अवैध क्रियाकलाप रोक्न तथा त्यस्ता कार्यमा कुनैपनि सशस्त्र प्रहरी कर्मचारीहरु संलग्न नरहन, पछिल्लो समय देशका विभिन्न स्थानहरुमा भएका जातीय, धार्मिक तथा साम्प्रादायिक किसिमका विवादका विषयहरुले सुरक्षामा थप चुनौती थपिएको हुँदा चनाखो भई कार्य गर्नुपर्ने लगायतका विषयहरुमा निर्देशन समेत दिनुभएको थियो ।

पर्वतीय उद्धार तालिम शिक्षालय, मनाङ

पर्वतीय उद्धार तालिम शिक्षालय मनाङको आठौँ स्थापना दिवस नं ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक प्रविण कडेलको प्रमुख आतिथ्यमा भाद्र ३१ गते विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

सोही अवसरमा नायव महानिरीक्षक कडेलले शिक्षालयमा कार्यरत रहि बर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी तथा स्थापना दिवसको अवसरमा सञ्चालन गरिएको विभिन्न खेलकुद प्रतियोगिताका उत्कृष्ट खेलाडी तथा टिमलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

गुल्म बाग्लुङ

गुल्म बाग्लुङको सातौँ स्थापना दिवस नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीको बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक प्रविण कडेलको प्रमुख आतिथ्यमा विविध कार्यक्रमका साथ भाद्र २ गते सम्पन्न भएको छ ।

मद्दती तथा सेवा गुल्म, कास्की

मद्दती तथा सेवा गुल्म कास्कीको छैठौँ स्थापना दिवस नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीको बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक प्रविण कडेलको प्रमुख आतिथ्यमा भाद्र १५ गते सम्पन्न भएको छ ।

सोही अवसरमा नायव महानिरीक्षक कडे ललेगुल्ममा बर्षभरि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी तथा स्थापना दिवसको अवसरमा सञ्चालन गरिएको विभिन्न खेल विद्याहरुमा उत्कृष्ट हुने खेलाडीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान

सशस्त्र प्रहरी महानिरीक्षक र भारतीय सशस्त्र सीमा बलका उच्च अधिकृतहरू बीच भेटघाट

सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेल र भारतीय सशस्त्र सीमा बल (एसएसबी)को Internal Security and Strategy Management Course (ISSMC) का उच्च अधिकृतहरू बीच प्रधान कार्यालय हलचोक स्वयम्भुमा भाद्र ९ गते शिष्टाचार भेटघाट भएको छ ।

सो अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सीमा सुरक्षा तथा व्यवस्थापन गर्ने कार्यमा नेपाल-भारत दुवै सुरक्षा निकाय बीचको समन्वय, सहकार्य र आपसी सम्बन्धलाई थप सुदृढ गर्दै लैजानु पर्ने बताउनुहुँदै यस किसिमको समकक्षी सुरक्षा निकायहरु बीच हुने व्यावसायिक भ्रमणले समेत आपसी सम्बन्धलाई थप प्रगाढ बनाउँदै लैजाने विश्वास व्यक्त गर्नुभयो ।

सोही दिन दुवै सुरक्षा निकायका अधिकृतहरुबीच सम्पन्न भएको अन्तरक्रिया कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक बंशीराज दाहालले सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बल बीचको सम्बन्ध आपसी विश्वास, पारस्परिक सम्मान र व्यावसायिक सहयोगमा आधारित रहेको उल्लेख गर्नुभयो ।

सशस्त्र प्रहरी नायव महानिरीक्षक नेत्र बहादुर कार्कीले नेपाल-भारत सीमा सुरक्षा र सहयोगका विभिन्न पक्षहरु लगायत सशस्त्र प्रहरी बल नेपाललाई प्राप्त कार्यादेशहरुमा भएका उपलब्धि सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो, भने सशस्त्र प्रहरी बल नेपालले 'शान्ति, सुरक्षा र प्रतिवद्धता'को मूल मन्त्रका साथ सीमा सुरक्षा, विपद् व्यवस्थापन, राजस्व संकलनमा सहयोग र आन्तरिक सुरक्षामा निर्वाह गरेको बहुआयामीक भूमिकालाई विशेष वृत्तचित्र मार्फत प्रस्तुत समेत गरिएको थियो ।

भारतीय सशस्त्र सीमा बलका डिआईजी सञ्जय कुमार शर्माले सन् २००१ बाटै भारतीय सशस्त्र सीमा बल नेपाल-भारत सीमा सुरक्षामा तैनाथ र सशस्त्र प्रहरी बल नेपालको स्थापना भएको संयोगको बारेमा उल्लेख गर्नुहुँदै सशस्त्र प्रहरी बल नेपालले व्यावसायिक कार्यसम्पादनमा हासिल गरेको प्रगति प्रशंसनीय रहेको बताउनुभयो ।

अन्तरक्रिया कार्यक्रममा दुई देश बीचको अद्धितीय र ऐतिहासिक सम्बन्धको प्रतीक मानिने खुल्ला सीमानालाई थप सुरक्षित बनाउन सूचना आदान-प्रदान, सीमा अपराध नियन्त्रण र संयुक्त क्षमता अभिवृद्धि गर्ने विषयमा छलफल भएको थियो ।

नवनियुक्त गृहसचिवलाई स्वागत

नवनियुक्त गृहसचिव केदारनाथ शर्मालाई सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलले हार्दिक बधाई तथा स्वागत गर्नुभएको छ । भाद्र १६ गते गृह मन्त्रालयमा आयोजित विशेष कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले हार्दिक स्वागत गर्नुका साथै सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्नुभएको थियो ।

यसअघि भाद्र १५ गते सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले राष्ट्र सेवामा लामो समय समर्पित भई अवकाशमा जान लाग्नुभएका गृहसचिव राजकुमार श्रेष्ठलाई हार्दिक विदाई गर्नुभएको थियो ।

भोटेकोशी बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत व्यवस्थापनका लागि खटिएका कर्मचारीहरुलाई आवश्यक निर्देशन दिनुहुँदै सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक गणेश बहादुर ठाडा मगर ।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक अञ्जनी कुमार पोखरेलले राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा सञ्चालन हुने सि.सं. १७ सशस्त्र प्रहरी निरीक्षक अल्पकालीन र सि.सं. २९ सशस्त्र प्रहरी सहायक निरीक्षक अल्पकालीन तालिमको भाद्र १५ गते उद्घाटन गर्नुभएको छ ।

समन्वयात्मक वैठक सम्पन्न

नं. ७ वैद्यनाथ वाहिनी मुख्यालय अत्तरिया कैलालीको आयोजनामा धनगढी उमपहानगरपालिका-१ स्थित नं. ३४ गणमा भाद्र ११ गते भारतीय सशस्त्र सीमा बल तर्फका डीआईजीहरु र नं. ७ वाहिनीका वाहिनीपतिलगायतको उपस्थितीमा सीमा सम्बन्धी समन्वयात्मक वैठक सम्पन्न भएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल इकाई परिचय

नं. २१ दक्षिणकाली गण

२०६१ साल चैत १० गते काठमाडौंको बलम्बुमा यस गण स्थापना भई २०७० साल भदौ २८ गते ललितपुरको खुमलटारमा स्थानान्तरण भएको हो । २०८३ साल वैशाख ३० गते रेडियो नेपालको २५ रोपनी जग्गाको भोगचलन प्रमाणपत्र प्राप्त भएपछि यसको दीर्घकालीन पूर्वाधार विकासमा ठूलो सहयोग पुगेको छ । यो गण केवल शान्ति सुरक्षा कायम गर्ने मात्र नभई संकट र विपद्का बेला नागरिकको जीवन बचाउने कार्यमा समेत परिचालन हुँदै आएको छ ।

ललितपुरका कठिन भौगोलिक क्षेत्र, बाढी-पहिरो, आगलागी र सडक दुर्घटनाजस्ता जोखिममा गण सधैं अग्रपंक्तिमा खटिने गरेको छ । साथै, विभिन्न जात्रा लगायतका धार्मिक तथा सांस्कृतिक पर्वहरूमा भीड व्यवस्थापन र सम्पदा संरक्षणमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आईरहेको छ ।

सुरक्षाबाहेक, विद्यालयहरूमा विपद् सचेतना, लागूऔषध नियन्त्रण अभियान, रक्तदान, वृक्षारोपण र सरसफाइजस्ता सामाजिक कार्यमार्फत गणले समुदायसँग आत्मीय सम्बन्ध बनाएको छ । हालैका वर्षहरूमा अवैध हतियार, मदिरा र राजस्व छलीका सामान बरामद गरी कानून कार्यान्वयनमा प्रभावकारिता देखाएको छ भने १,९९३ जना विपद् सूचकहरूलाई तालिम समेत

सप्रउ लकेश कुमार तुम्बाहाङ्गफे
गणपति

दिएको छ । आगामी दिनमा प्रविधिमैत्री व्यवस्थापन, आधुनिक उपकरण र दक्ष जनशक्तिमार्फत अझ उत्तरदायी र नागरिकमैत्री सेवा प्रदान गर्ने लक्ष्यमा यस गण प्रतिवद्ध छ ।

हालसम्मका गणपतिहरू

सि.नं.	दर्जा	नामथर	कार्यरत	
			देखि	सम्म
१	सप्रउ	अरविन्द धिताल	२०६१।१२।१७	२०६३।०२।१५
२	सप्रउ	राजेश श्रेष्ठ	२०६३।०२।१५	२०६३।०८।११
३	सप्रउ	उत्तम खड्का	२०६३।०८।११	२०६४।०८।११
४	सप्रउ	अजय कुमार सिंह	२०६४।०८।११	२०६५।०३।३१
५	सप्रउ	शम्भु सुवेदी	२०६५।०३।३१	२०६६।०४।२९
६	सप्रउ	बसन्त कुमार बानिया	२०६६।०४।२९	२०६७।०२।२४
७	सप्रउ	राघव सिंह थापा	२०६७।०२।२४	२०६८।०७।०८
८	सप्रउ	गणेश बहादुर ठाडा मगर	२०६८।०७।०८	२०६९।०१।२५
९	सप्रउ	किशोर प्रधान	२०६९।०१।२५	२०७०।०३।३०
१०	सप्रउ	स्व.अरुण शंकर तिम्सा	२०७०।०३।३०	२०७१।१०।२६
११	सप्रउ	राजु महर्जन	२०७१।१०।२६	२०७२।०७।०१

सि.नं.	दर्जा	नामथर	कार्यरत	
			देखि	सम्म
१२	सप्रउ	महेश कुमार श्रेष्ठ	२०७२।०७।०१	२०७३।०५।१२
१३	सप्रउ	बिदुर खड्का	२०७३।०५।१२	२०७४।०४।२६
१४	सप्रउ	श्याम काजी कुँवर	२०७४।०४।२६	२०७५।०२।२५
१५	सप्रउ	प्रेमराज पोखरेल	२०७५।०२।२५	२०७५।१०।१७
१६	सप्रउ	सुरेश कुमार श्रेष्ठ	२०७५।१०।१७	२०७७।०४।१५
१७	सप्रउ	किरण दुङ्गाना	२०७७।०४।१५	२०७८।१०।०२
१८	सप्रउ	विकास घिमिरे	२०७८।१०।०२	२०७९।१०।१६
१९	सप्रउ	सुमन जंङ्ग थापा क्षेत्री	२०७९।१०।१६	२०८०।११।०४
२०	सप्रउ	सुरेन्द्र राज रञ्जित	२०८०।११।०४	२०८१।१०।३०
२१	सप्रउ	राजेश लामिछाने	२०८१।१०।३०	२०८२।१०।१८
२२	सप्रउ	लकेश कुमार तुम्बाहाङ्गफे	२०८२।१०।१८	हाल सम्म

सीमा सुरक्षामा सशस्त्र प्रहरी बल, नेपाल

दिल कुमार श्रेष्ठ

हिमालको काखदेखि तराईको फाँटसम्म, पूर्वको मेचीदेखि पश्चिमको महाकालीसम्म फैलिएको नेपाल-भारत सीमा र उत्तरतर्फको दुर्गम हिमाली सीमारेखा यी दुवै नेपालका लागि गौरव पनि हुन् र चुनौती पनि । यिनै सीमारेखाको जर्गेना र सीमा सुरक्षामा दिनरात सशस्त्र प्रहरी बल नेपाल खटिरहेको छ । सशस्त्र प्रहरी सीमा सुरक्षाका लागि निरन्तर सकियता, सतर्कता, मुलुकप्रतिको समर्पण र नागरिकमा सेवाभावका साथ कार्यक्षेत्रमा परिचालित हुँदै आईरहेको छ ।

१. दशगजाको संरक्षण एवं अतिक्रमण नियन्त्रण:

सीमा भनेको जमिनको धर्सो मात्र होइन, यो राष्ट्रको अस्तित्वको रेखा हो । यही भावले सशस्त्र प्रहरीले यस वर्ष दशगजा क्षेत्रको अतिक्रमण विरुद्ध निरन्तर सजकता अपनाए । कतै घरटहरा जस्ता संरचनाहरु हटाइए त कतै भौतिक संरचना निर्माणमा नै रोक लगाइयो । ३७ स्थानमा २७० वटा अवैध संरचना हटाइए, ६ स्थानमा निर्माण कार्यमा समन्वय गरी रोक लगाइयो, १५ स्थानका साढे नौ विघा जग्गामा अनाधिकृत खेतीपाती रोकीयो र ३१५ स्थानका १६८ किलोमिटर भन्दा बढी दशगजा क्षेत्र सफा गरियो । यी सामान्य लाग्ने तर अत्यन्त महत्वपूर्ण कामहरुले नै मुलुकको सीमा अखण्डता जोगाइराखेको छ ।

२. सीमा अपराध नियन्त्रण :

सीमा अपराध विरुद्ध यस वर्ष सशस्त्र प्रहरीको कारवाही उल्लेखनीय रह्यो । भरुवा बन्दुकदेखि पेस्तोल र रिभल्वरसम्म गरी १८ वटा अवैध हतियार बरामद भए । मानवीय संवेदनाको दृष्टिले सबैभन्दा गम्भिर मानिने मानव बेचबिखन तथा तस्करी नियन्त्रणमा २२८ जना पिडीत जसमा २०५ महिला/बालिका र २३ पुरुष/बालकको उद्धार गरिए भने १५० जना पीडकलाई पक्राउ गरियो । सीमामा तैनाथ सशस्त्र प्रहरीले संवेदनशील र जोखिमपूर्ण जिम्मेवारी निर्वाह गर्नेक्रममा ठूलो परिमाणमा लागूऔषध नियन्त्रण गरेको छ, जसमा ३३ हजारभन्दा बढी ट्याब्लेट, ३८ हजार भन्दा बढी मिलिलिटर तरल लागूऔषध, १६ हजार किलोग्राम भन्दा बढी गाँजा, १४७८.४२ ग्राम खैरो हेरोइनकासाथै हजारौँ लागूऔषध इन्जेक्सन बरामद गरी सयौँ व्यक्ति र सवारी साधन नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाएको छ ।

३. सीमा स्तम्भको मर्मत सम्भार र सीमा गस्ती :

सीमा स्तम्भहरु राज्यको सार्वभौमिकताका मौन साक्षी हुन् र तिनको मर्मत सम्भार पनि उत्तिकै महत्वपूर्ण काम हो । यस वर्ष नेपालतर्फ ११२२ र भारततर्फ १३७३ गरी करिब २५ सय सीमा स्तम्भ मर्मत गरियो, साथै Survey

Officials' Committee (SOC) को १२औँ बैठकको कार्ययोजना अन्तर्गत थप सयौँ सीमा स्तम्भ नयाँ निर्माण र पुनःनिर्माण गरियो । यसैगरी सीमा क्षेत्रमा दिनरात नरोकिने गरी गस्ती र चेकपोष्ट सञ्चालनले पनि निरन्तरता पायो, भारततर्फ मात्र संयुक्त गस्ती ७५५९ पटक र एकल गस्ती ३५ हजार भन्दा बढी सञ्चालन भई सीमा क्षेत्रमा सुरक्षा प्रदान गर्नुकासाथै स्थानीय तथा सीमामा आवतजावत गर्ने व्यक्तिहरुसँग अन्तरक्रिया तथा सीमा क्षेत्रको वस्तुस्थिति बुझ्ने कार्य सम्पन्न भयो । यसका साथै तेस्रो मुलुकका २० जना नागरिक पनि नियमानुसार नियन्त्रणमा लिइएको छ ।

४. चोरीनिकासी तथा पैठारी नियन्त्रण र राजस्व संकलनमा योगदान :

सीमा सुरक्षाको काम केवल सुरक्षा मात्र होइन, यसले राष्ट्रको अर्थतन्त्रलाई पनि प्रत्यक्ष टेवा पुऱ्याँउछ । यस वर्ष सशस्त्र प्रहरीले लत्ताकपडा, खाद्यान्न, सवारीसाधन, पंक्षीजन्य तथा पशुचौपाया, मदिरा, सुर्तिजन्य पदार्थ, सुनचाँदी लगायतका चोरीनिकासी पैठारी हुन लागेका सामाग्री नियन्त्रणमा लिई कुल १ अर्ब ७५ करोडभन्दा बढी मूल्य बराबरको सामान बरामद गऱ्यो । यसले भन्सार छली तथा चोरीतस्करी नियन्त्रणका साथै राजस्व अभिबृद्धिमा ठूलो टेवा पुऱ्याएको छ ।

५. नागरिक सेवा र सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम :

सीमा सुरक्षाको वास्तविक अर्थ त्यतिबेला मात्र पुरा हुन्छ जब त्यसले सेवाग्राही जनतालाई पनि सहज महशुस गराउँछ । यसैले यस वर्ष थप १६ वटा गरी हालसम्म भारततर्फ १२७ र चीनतर्फ ८ गरी १३५ स्थानमा हेल्प डेस्क सञ्चालनमा रहे, जसबाट ४ लाख १० हजार भन्दा बढी सेवाग्राहीले सेवा पाए । साथै ८ स्थानमा रहेको पर्यटक सहायता कक्षले पनि झन्डै ८ हजार पर्यटकलाई सहयोग प्रदान गर्ने कार्य भयो । सीमावासीसँगको सामिप्य बढाउन अन्तरक्रिया कार्यक्रम, जनचेतनामूलक कार्यक्रम, सामाजिक तथा सेवामूलक कार्यक्रम, स्वास्थ्य शिविर, सीपमूलक तालिम र निर्माण कार्य गरी झन्डै ३८०० कार्यक्रमहरु सञ्चालन भयो । जसले सशस्त्र प्रहरी र सीमावासी जनताबीचको सम्बन्धलाई अझ प्रगाढ बनाएको छ ।

६. समन्वय र सहकार्य :

सीमा सुरक्षा कहिल्यै एकतर्फी काम होईन । यसैले सशस्त्र प्रहरीले भारत र चीन दुवैतर्फका समकक्षी सुरक्षा निकायहरुसँग वर्षभर घनिष्ठ समन्वय कायम राख्यो । DG/IG स्तरदेखि स्थानिय BOP स्तरसम्म गरी नेपाल-भारततर्फ ५९७ वटा र नेपाल-चीनतर्फ १८ वटा गरी करीब ६ सय समकक्षी बैठकहरु सम्पन्न भए । यसका अतिरिक्त दुवै छिमेकीसँग खेलकुद प्रतियोगिताहरु मार्फत ५३ पटक मैत्रीपूर्ण खेलका साथै संयुक्त झण्डा मार्च गस्ती सम्पन्न भयो, जसले सीमा क्षेत्रमा सुरक्षा सहकार्य र मैत्रीपूर्ण वातावरण निर्माण गर्न थप मद्दत पुगेको छ ।

आर्थिक वर्ष २०८२/०८३

७. सीमा सुरक्षामा प्रविधिको प्रयोग :

आधुनिक सुरक्षा प्रविधिलाई सीमा निगरानीमा उपयोग गर्नेक्रममा हालसम्म ११० स्थानमा ४०३ वटा सिसिटिभी क्यामेरा जडान भई सीमा नाकाहरुको निगरानी भईरहेको छ, जसमध्ये यस वर्ष मात्र थप १७ वटा क्यामेरा विरगंज, धनुषा, महोत्तरी, गौर, रौतहट र काकडभिट्टा जस्ता विभिन्न सीमा क्षेत्रमा जडान गरियो । यसले सीमामा सशस्त्र प्रहरीको भौतिक उपस्थिति सगै प्रविधिको सहयोगमा सीमालाई थप सुरक्षित बनाएको छ ।

८. बोर्डर आउट पोष्टहरुको विस्तार

सीमा सुरक्षाको लागि आवश्यक थप बोर्डर आउट पोष्ट स्थापनाको प्रक्रिया पनि निरन्तर चलिरहेको छ । हालसम्म देशभर ४५ वटा सीमा सुरक्षा गुल्म र २१५ वटा बिओपी सञ्चालनमा रहेका छन, जसले सर्म्पूण सीमा क्षेत्रको प्रत्यक्ष सुरक्षा गर्दै सशस्त्र प्रहरी सीमा सुरक्षार्थ डेडिकेटेट फोर्सको रुपमा परिचालित हुँदै आएको छ ।

९. तालिम र क्षमता, भविष्यको लगानी :

सीमा सुरक्षा गर्न र सीमामा प्रभावकारी सेवा दिन दक्ष जनशक्ति अपरिहार्य हुन्छ । यसै मर्ममा यस वर्ष सीमा सम्बन्धी तालिम सञ्चालनलाई निरन्तरता दिदै सीमाका विषयमा व्यवहारिक तथा सैद्धान्तिक ज्ञान दिलाई सशस्त्र प्रहरी कर्मचारीहरु सीमा क्षेत्रका इकाईहरुमा परिचालन गरिएको छ । यसका अतिरिक्त K9 डग स्क्वाडसहितका टोली पनि झापा, पर्सा, रुपन्देही र बाँकेका गरी ४ वटा मुख्य सीमा नाकामा परिचालन भई कार्यरत छन्, भने भारतीय सशस्त्र सीमा बल (एसएसबी)सँग ५ स्थानमा विपद् व्यवस्थापन सम्बन्धी संयुक्त अभ्यास पनि सञ्चालन भएको छ ।

१०. निष्कर्ष : निरन्तर सीमा सुरक्षालाई थप सुदृढ बनाउने संकल्प :

शान्ति सुरक्षा प्रतिवद्धताका साथ न जाडो, न गर्मी, न वर्षा-कुनै पनि विषम परिस्थितिमा नहच्किई सीमामा खटिने सशस्त्र प्रहरीको कारण नेपालको सीमा रेखा सुरक्षित छ, राष्ट्रको राजस्व जोगिएको छ, र सीमावासी जनताले ढुक्ककासाथ आफ्नो दैनिकी चलाइरहेका छन् । आगामी दिनमा थप आधुनिक प्रविधि, थप जनशक्ति र थप सामुदायिक सहभागितासहित सीमा सुरक्षालाई अझ सुदृढ बनाउने संकल्पका साथ सशस्त्र प्रहरी बल नेपाल अघि बढिरहेको छ ।

भाद्र महिनाको बरामदी विवरण

सशस्त्र प्रहरी बल नेपालका इकाईहरुले बरामद गरेको चोरीनिकासी तथा पैठारीका सामग्रीहरुको दाखिला विवरण

सि.नं.	जिल्ला	रकम रु.
१	इलाम	२८००००
२	झापा	१४८१७८१८
३	मोरङ	१०६१३८६९
४	सुनसरी	७३०१२२३
५	सप्तरी	२६१४७०९
६	सिराहा	१५९५७७१८
७	धनुषा	१०८९२४२५
८	महोत्तरी	३११४०३१२
९	सर्लाही	७८९४८७२
१०	रौतहट	१७८३०१७९
११	बारा	९१४५९३७
१२	पर्सा	१२६३७५७०
१३	चितवन	१३८९४५३
१४	मकवानपुर	२०३२००

सि.नं.	जिल्ला	रकम रु.
१५	सिन्धुली	३०९६०
१६	सिन्धुपाल्चोक	१३८७३२०
१७	पु.नवलपरासी	५८६००
१८	प.नवलपरासी	२३४७५९३९
१९	रुपन्देही	१७९६६२३१
२०	कपिलवस्तु	८११९२६४
२१	दाङ	१७८६७३
२२	बाँके	८७४४९१०
२३	बर्दिया	६६८७१६८
२४	कैलाली	७०६५७२९
२५	कन्चनपुर	१०६१८२८६
२६	दार्चुला	२०८०४०
	जम्मा	२२७२६०४०५

पाक्षिक रेडियो तथा टेलिभिजन कार्यक्रम समर्पण राष्ट्रका लागि हरेक महिनाको पहिलो र तेश्रो आइतबार रेडियो नेपालबाट १९:४० बजे, हरेक महिनाको पहिलो र तेश्रो बिहीबार १७:२५ बजे नेपाल टेलिभिजनका साथै Website: www.apf.gov.np मा सुन्न र हेर्न सकिनेछ । रेडियो कार्यक्रम संगठनको फेसबुक पेज Armed Police Force, Nepal मा समेत सुन्न सकिने छ ।

सीमा नाकामा गोप्रो क्यामेराको प्रयोग

झापा जिल्लास्थित नं. २ गण झापाले सीमा नाकामा गोप्रो (GoPro) क्यामेरा प्रयोगमा ल्याएको छ। सीमा क्षेत्र काँकडभिट्टामा परिचालित सशस्त्र प्रहरीको बोर्डर इन्टर्ज्याक्सन टिमले गोप्रो क्यामेरा प्रयोगमा ल्याएको हो ।

यस प्रविधिले सूचना संकलन तथा निगरानी कार्यमा सहयोग तथा कुनै पनि घटना घटेमा प्रमाण संकलन र सुरक्षामा सहयोग पुग्ने जसका कारण तस्करी नियन्त्रण, सीमा सुरक्षा तथा व्यवस्थापन कार्यमा थप सहजता हासिल हुने विश्वास लिईएको छ । सशस्त्र प्रहरी बल नेपालले देशका मुख्य सीमा नाकाहरुमा निगरानीको लागि सिसिटिभी क्यामेरामार्फत निगरानी भईरहेकोमा अब अन्य सीमा नाकाहरुमा समेत गोप्रो क्यामेरा लगायतका आधुनिक डिजिटल उपकरणहरुको प्रयोग गरिनेछ ।

सीमावासीसँग अन्तरक्रिया कार्यक्रम

सुनसरी जिल्लाको हरिनगर गाउँपालिका-७ बिक्रमपुरस्थित सीमा ईलाकामा बसोबास गर्ने सीमावासीहरुसँग सीमा नाकामा हुने अवैध क्रियाकलाप, लागूऔषध ओसार पसार नियन्त्रण, सीमा अपराध रोकथाम, सीमावासीहरुको समस्या र सीमावासीले सुरक्षा निकायसँग राखेको अपेक्षा तथा अवैध चोरी तस्करी नियन्त्रणमा आपसी सहयोगको विषयमा भाद्र ६ गते नं. ४ गण सुनसरीले अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ ।

नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन

धनुषा जिल्लाको विदेह नगरपालिका-१ ठाडीस्थित श्री माध्यमिक विद्यालयको परिसरभित्र भाद्र १४ गते एक दिने नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । नं. ८ गण धनुषाको आयोजना तथा सशस्त्र प्रहरी बल, नेपाल फिल्ड अस्पताल बर्दिवास महोत्तरी र स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुर धाम धनुषा र सोही नगरपालिकाको समन्वय तथा सहकार्यमा उक्त स्वास्थ्य शिविर सञ्चालन गरिएको हो । शिविरमा सीमा ईलाकामा बसोबास गर्ने करीव ४ सय ४३ जना सीमावासीहरुले स्वास्थ्य जाँच गराएका छन् ।

विपद् प्रतिकार्य: खोज तथा उद्धार

फेवातालमा खसेको कारबाट दुई जनाको सकुशल उद्धार

कास्की जिल्लाको पोखरा महानगरपालिका-१८ गैरीचौतारास्थित फेवातालमा भाद्र १९ गते बिहान करीब ५ बजे भारतीय नम्बरको कार खस्दा दुई जनाको सकुशल उद्धार गरिएको छ भने दुई जनाको मृत्यु भएको छ । पोखराको लेकसाईडतर्फ आउँदै गरेको बीआर ०५ बीबी ६७५९ नम्बरको कार गति अनियन्त्रित भई सो तालमा खसेको थियो । सो घटनाबारे जानकारी पाउनासाथ नं. २४ कालिका गण कास्कीबाट सशस्त्र प्रहरी निरीक्षक शरण खड्काको कमाण्डमा गोताखोरसहितको टोली खटिएको थियो ।

याम्दी खोलाको खोँचबाट महिलाको उद्धार

कास्की जिल्लाको पोखरा महानगरपालिका-२५ हेम्जा चौरस्थित याम्दी खोलाको खोँचमा घाईते अवस्थामा रहेकी एक महिलाको उद्धार गरिएको छ ।

सोही महानगरपालिका-२५ बुद्धचोक बस्ने २२ वर्षिया देवी सुनारको भाद्र १७ गते बिहान उद्धार गरिएको हो । खोला नजिकै रहेको भिरबाट महिला करिएको आवाज सुनेपछि सोही ठाउँका स्थानीयले नं. २४ कालिका गण कास्कीमा जानकारी गराएका थिए । सो पश्चात सशस्त्र प्रहरी निरीक्षक शरण खड्काको कमाण्डमा खटिएको टोलीले उनलाई खोलाको खोँचमा घाईते अवस्थामा फेला पारेको थियो । उनलाई तत्काल उद्धार गरी उपचारको लागि मणिपाल शिक्षण अस्पताल कास्की पठाईएको छ ।

भूकम्पबाट क्षतिग्रस्त घरबाट सामान सुरक्षित स्थानमा स्थानान्तरण

उपल्लो मुस्ताङमा गएको भूकम्पबाट क्षतिग्रस्त घरहरुबाट सामान सशस्त्र प्रहरीले सुरक्षित स्थानमा सारेको छ ।

भाद्र २३ गते राती लगातार दुई पटक ४ रेक्टरभन्दा माथिको भूकम्प गएपछि मुस्ताङको लोमान्थाङ गाउँपालिका-३ पुवास्थितका केहि घरहरुमा क्षति पुगेको थियो । उक्त स्थानमा नं. ३३ गुल्म मुस्ताङबाट खटिएको टोलीले क्षतिग्रस्त घरका सामान सुरक्षित स्थानमा सारेको हो । भूकम्पपछि स्थानिय बासिन्दाहरु घरबाट बाहिर निस्की सुरक्षित स्थानमा बसेका थिए ।

काठमाडौँको चन्द्रागिरी नगरपालिका-१२ स्थित नगरपालिकाको भवन नजिकै ढलेको रुख हटाउँदै सुरक्षा बेस बलम्बुबाट खटिएको सशस्त्र प्रहरीको टोली ।

पूर्वी रुकुम जिल्लाको भुमे गाउँपालिका-२ कुङरोस्थित मध्य पहाडी लोकमार्ग सडकखण्डमा अविरल बर्षाको कारण सडकको माथिबाट पहिरो आई अबरुद्ध सडक खुलाउँदै गुल्म रुकुम पूर्वको सशस्त्र प्रहरी ।

आगलागी नियन्त्रण

काठमाडौँ महानगरपालिका-२७ इनबालस्थित एक स्थानीयको घरमा भएको आगलागी सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले दमकलको सहयोगमा नियन्त्रणमा लिएको छ । सोही ठाउँको अन्नपूर्ण स्कुल नजिकै रहेको लक्ष्मी महर्जनको ४ तल्ले कच्ची घर मा विद्युतीय तार सर्ट भई अचानक आगलागी भएको थियो ।

सो बारे जानकारी पाउनासाथै नं. १८ बाघभैरव गण र सुरक्षा बेस काठमाडौँको टोली आगलागी नियन्त्रणमा सक्रियताकासाथ जुटेको थियो ।

विपद् सम्बन्धी सचेतनामूलक कक्षा तथा अभ्यास

स्याङ्जा जिल्लाको भिरकोट नगरपालिका-सिम्लेस्थित जनप्रिय माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरु र सोही ठाउँका स्थानीय बासिन्दाहरुलाई भाद्र १ गते नं. ३० गुल्म स्याङ्जाको सशस्त्र प्रहरीले मनसुनजन्य विपद् सम्बन्धी सचेतनामूलक कक्षा तथा रोप रेस्क्यु, ग्याँस सिलिण्डरमा लागेको आगो नियन्त्रण तथा घाईतेहरुको प्राथमिक उपचार सम्बन्धी नमुना अभ्यास सञ्चालन गरेको छ ।

गुल्मीको रेसुङ्गा नगरपालिका-१२ बाग्ने छहरास्थित तम्घास रिडी सडकखण्ड र सोही नगरपालिका-१३ भंगरी खोलास्थित सडकमा माथिबाट सुख्खा पहिरो आई अवरुद्ध भएको सडकखण्ड नं. ३७ गुल्म गुल्मीको टोलीले पन्छाएर पुनः सुचारु गरेको छ ।

दुर्घटनाका घाईतेहरूको उद्धार

पूर्वी रुकुमको सिस्ने गाउँपालिका-८ स्यालापाखास्थित भित्री सडकखण्डमा भाद्र १६ गते भएको जिप दुर्घटनामा परी घाईते भएकाहरुलाई गुल्म रुकुम पूर्वबाट खटिएको टोलीले उद्धार गरी जिल्ला अस्पताल रुकुमकोट र कोहलपुर मेडीकल कजेलतर्फ पठाएको छ ।

भावपूर्ण श्रद्धाञ्जलि

जन्म २०४७।०२।०६ — स्वर्गारोहण २०८३।०५।२९

सशस्त्र प्रहरी हवल्दार स्व. सुदिप कुमार खड्का

नं. १६ गण सिन्धुपाल्चोक दरबन्दी भई बोर्डर आउट पोष्ट स्वर्णपट्टी सप्तरीमा कार्यरत सशस्त्र प्रहरी हवल्दार सुदिप कुमार खड्काको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

सशस्त्र प्रहरी बल, नेपाल

जन्म २०४६।११।२८ — स्वर्गारोहण २०८३।०५।३१

सशस्त्र प्रहरी हवल्दार स्व. डम्बर बहादुर आले

नं. ८ गण धनुषा दरबन्दी भई सुरक्षा बेस जनकपुरमा कार्यरत सशस्त्र प्रहरी हवल्दार डम्बर बहादुर आलेको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

सशस्त्र प्रहरी बल, नेपाल

जन्म २०५६।०३।०५ — स्वर्गारोहण २०८३।०५।१०

सशस्त्र प्रहरी जवान स्व. साजन कुँवर

नं. २० गुल्म रसुवा दरबन्दी भई सुरक्षा बेस मैलुङ्गमा कार्यरत सशस्त्र प्रहरी जवान साजन कुँवरको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

सशस्त्र प्रहरी बल, नेपाल

विपद् उद्धारकर्ताको व्यावसायिक तनाव व्यवस्थापन: एपीएफका लागि कर्मचारी सहायता कार्यक्रम (Employee Assistance Program-EAP) र समग्र सु-स्वास्थ्य (Wellness) रणनीतिको आवश्यकता

राजु श्रेष्ठ
सशस्त्र प्रहरी उपरीक्षक

सशस्त्र प्रहरी बल, नेपाल देशको आन्तरिक सुरक्षा, सीमा सुरक्षा तथा विपद् व्यवस्थापनको अग्रपङ्क्तिमा कार्यरत विशिष्ट सुरक्षा संगठन हो । विशेष गरी विपद उद्धार कार्यमा एपीएफका जनशक्तिले प्राकृतिक प्रकोप, दुर्घटना, बाढी, पहिरो, भूकम्प र आगलागी जस्ता संकटमा सशस्त्र प्रहरीले जोखिमपूर्ण सेवा प्रदान गर्दै आएका छन् ।

यस्ता कार्यहरू शारीरिक रूपमा कठिन हुनुका साथै मानसिक, भावनात्मक र सामाजिक रूपमा पनि चुनौतीपूर्ण हुन्छन् । उद्धारकर्ताले कहिलेकाही घाइते, मृतक, बालबालिका, बृद्धबृद्धा तथा आफन्त गुमाएका पीडितहरूसँग प्रत्यक्ष रुपमा काम गर्नुपर्ने हुन्छ, जसले उनीहरुको मानसिक स्वास्थ्यमा दीर्घकालीन प्रभाव पार्न सक्छ ।

सुरक्षा तथा उद्धार क्षेत्रमा काम गर्नेहरुमा मुख्यत: निम्न जोखिमहरु रहने अन्तराष्ट्रिय अध्ययनहरुले देखाएका छन् ।

- Post–Traumatic Stress Disorder (PTSD): आघातजन्य घटनाको सम्झनाले बारम्बार सताउनु ।
- Compassion Fatigue: अरूको दु:ख देख्दादेख्दा आफ्नै सहानुभूति दिने क्षमतामा ह्रास आउनु ।
- Burnout: शारीरिक र मानसिक रूपमा पूर्ण थकित महशुस हुनु, जसले कार्यसम्पादनमा ह्रास ल्याउछ ।

एपीएफले हाल APF-Community Alert System र जल तथा मौसम विज्ञान विभागबाट प्राप्त हुने Real–time Data मार्फत कार्य सञ्चालन गरिरहेको छ । यस्ता प्रविधिहरुले कार्यक्षेत्रको अनिश्चितता घटाएर उद्धारकर्ताको मानसिक तनावलाई कम गर्न मद्दत गर्छन् । साथै संगठनले १,२५,०३६ नागरिकहरुलाई सचेतनामूलक कार्यक्रममा सहभागी गराएर समुदाय स्तरमा २,०७४ जना विपद् स्वयंसेवक तयार पारेको छ। यसले उद्धारकर्ताहरुलाई कार्यक्षेत्रमा स्थानीय सहयोग प्राप्त भई (Social Support)को दायरा फराकिलो बनाउँछ ।

यसै सन्दर्भमा Journal of APF CSC (2025) मा प्रकाशित 'Assessment of Occupational Stress, Support Systems and Coping Strategies among APF Disaster Rescuers' शिर्षकको अध्ययनले एपीएफका ८९ जना विपद् उद्धारकर्ताको व्यावसायिक तनाव, उपलब्ध समर्थन प्रणाली तथा तनाव व्यवस्थापनका रणनीतिहरुको अध्ययन गरेको छ। अध्ययनमा सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, विपद् व्यवस्थापन सुरक्षा बेस आदमघाट र नं. २० विपद् उद्धार गण काठमाडौंका उद्धारमा सहभागी भएका जनशक्तिलाई समावेस गरिएको थियो । सहभागीमध्ये ९१% पुरुष र ९% महिला थिए । अधिकांश सहभागी जवान तहका थिए भने औसत उमेर ३० वर्ष तथा औसत सेवाअवधि करीव १० वर्ष रहेको थियो । अनुसन्धानले केही महत्पूर्ण तथ्य बाहिर ल्याएको छ ।

तनावको स्तर: एपीएफ उद्धारकर्ताहरुमा समग्र रुपमा व्यावसायिक तनावको स्कोर २.५९ देखियो, जुन अपेक्षाकृत कम मानिन्छ ।

सबल पक्ष: तनावका बाबजुद उद्धारकर्ताहरूमा 'Coping Strategies' (४.०२) र 'Support and Resources' (३.७०) निकै उच्च पाइयो । यसको अर्थ एपीएफका सदस्यहरुमा एक-अर्कालाई सहयोग गर्ने बलियो संस्कार र उनीहरमा चुनौतीपूर्ण परिस्थिती सँग जुध्ने व्यक्तिगत क्षमता उच्च छ ।

यद्यपि एउटा महत्वपूर्ण तथ्य बुझ्न आवश्यक छ। औसत स्कोर कम हुनु भनेको प्रत्येक जनशिक्तमा तनाव कम छ भन्ने होईन । औसतले समूहको समग्र अवस्थामा मात्र देखाउँछ । व्यक्तिगत रूपमा केही उद्धारकर्ताहरु अझै पनि उच्च जोखिममा हुन सक्छन् न्यसैले नियमित Mental Health Screening, Psychological Assessment तथा Early Intervention Program आवश्यक हुन्छ ।

अध्ययनले निम्न प्रमुख तनावका स्रोतहरू पहिचान गरेको छ:

लामो समयसम्मको निरन्तर तथा बारम्बारको खटाई, मृत्यु, घाइते तथा आघातजन्य घटनासँग प्रत्यक्ष सामना, भत्किएका संरचना, बाढी, पहिरो तथा पानी उद्धार जस्ता जोखिमपूर्ण कार्य, परिवारबाट लामो समय टाढा रहनुपर्ने अवस्था, सीमित स्रोतसाधन, उच्च कार्य दबाब ।

बढी जोखिममा को छन्:

अध्ययनले एउटा महत्वपूर्ण पक्ष के देखाएको छ भने, सबैका लागि तनावको अनुभव शासन हुँदैन यसलाई उमेर र अनुभवका आधारमा यसरी बर्गिकरण गर्न सकिन्छ ।

नयाँ जनशक्ति (२५ वर्ष मुनि): उनीहरुमा कार्यभारको तनाव बढी देखिन्छ । अनुभवको कमी र वास्तविक कार्यक्षेत्रको अनिश्चितताले उनीहरुलाई बढी दबाब महशुस गराउँछ ।

अनुभवी जनशक्ति (४० वर्ष माथि): लामो समयदेखि जोखिमपूर्ण कार्यमा संलग्न रहेका कारण उनीहरुमा Emotional and Psychological Stress बढी देखिएको छ । त्यसैले नयाँ जनशक्तिलाई Operational Skills विकासमा बढी सहयोग आवश्यक हुन्छ भने अनुभवी जनशक्तिलाई Psychological Support, Recognition Career Development तथा Recovery Program हरु अझ बढी आवश्यक पर्न सक्छन् ।

अन्तर्राष्ट्रिय सन्दर्भ सिकाई

भारतीय सीमा सुरक्षा बल (BSF) मा Chhabra and Chhabra (2013) को अध्ययन अनुसार करीव ७२% कर्मचारीले प्रयाप्त निद्रा नपाउने र यसले निर्णय प्रक्रियामा असर पार्ने देखाएको छ ।

भारतीय अर्धसैनिक बलमा Rao et al. (2008) को अध्ययन अनुसार सुरक्षाकर्मीहरू कार्यक्षेत्रको विशिष्ट प्रकृतिका कारण लामो समयसम्म परिवारबाट टाढा रहनु र पारिवारिक तथा सामाजिक जिम्मेवारी समयमै पूरा गर्न नसक्नु मानसिक तनावका प्रमुख कारण हुन् ।

पाकिस्तानको आपत्कालीन सेवा 'Rescue 1122' का विपद् उद्धारकर्ताहरू माथि Javed et al. (2025) द्वारा गरिएको अध्ययनले आत्म-सम्मान र व्यावसायिक तनाव बीच महत्वपूर्ण ऋणात्मक/नकारात्मक सम्बन्ध रहेको पुष्टि गरेको छ। यसको तात्पर्य, उद्धारकर्ताहरूमा आत्म-सम्मान र आत्म-विश्वासको स्तर अभिवृद्धि हुँदा कार्यस्थलको तनाव स्वत: घट्ने र कार्यसम्पादनमा सुधार आउने देखिन्छ ।

अन्तर्राष्ट्रिय विपद् मनोचिकित्सा र सङ्कट व्यवस्थापन अनुसन्धान (Everly & Lating, 2021; Billings et al., 2023) अनुसार उद्धारकर्ताहरूका लागि मनोसामाजिक सहयोग पूर्व-निर्धारित दिनको आधारमा नभई चरणबद्ध तालिका अनुसार हुनुपर्छ । घटना घटेको ० देखि ४८ घण्टाभित्र 'Psychological First Aid', २४ देखि ७२ घण्टाभित्र 'Critical Incident Stress Debriefing', र घटनाको ३० दिन (४ हप्ता) पछि पनि मानसिक तनाव वा कार्यक्षमतामा ह्रास निरन्तर रहेमा मात्र विशेषज्ञ 'Psychosocial Counselor' वा उपचार प्रक्रियामा पठाउने अन्तर्राष्ट्रिय मापदण्ड रहेको छ । यस अवधारणालाई एपीएफको EAP र Post-Operation Debriefing नीतिमा समावेस गर्दा उद्धारकर्ताको मानसिक स्वास्थ्य संरक्षण अझ वैज्ञानिक र प्रभावकारी हुनेछ ।

एपीएफका लागि रणनीतिक सिफारिसहरू:

विभिन्न अनुसन्धान, अन्तर्राष्ट्रिय सिद्धान्त तथा विश्वव्यापी अभ्यासका आधारमा निम्न कार्यक्रमहरू चरणबद्ध रूपमा विकास गर्न सकिन्छ ।

१. Employee Assistance Program
गोपनीय मनोसामाजिक परामर्श, संकट व्यवस्थापन, पारिवारिक सहयोग, कानुनी तथा वित्तीय परामर्शसमेत समेटिएको एपीएफ-विशेष EAP विकास गर्ने ।

२. नियमित मानसिक स्वास्थ्य Screening
Annual Mental Health Assessment तथा प्रत्येक उच्च जोखिमयुक्त उद्धार अभियानपछि Post-Operation Psychological Debriefing सञ्चालन गर्ने ।

३. Supportive Leadership विकास
फिल्ड कमाण्डरहरूलाई तनावका प्रारम्भिक संकेत, Burnout, PTSD तथा Psychological First Aid सम्बन्धी तालिम प्रदान गर्ने ।

४. Peer Support System
प्रत्येक Disaster Rescue Unit मा प्रशिक्षित Peer Support Officer तयार गर्ने ।

५. Wellness Culture
व्यायाम, योग, Mindfulness, स्वस्थ आहार, पर्याप्त विश्राम तथा Sleep Hygiene लाई संगठनात्मक संस्कृतिको हिस्सा बनाउने ।

६. Resilience Training
Stress Inoculation Training, Cognitive Behavioral Therapy, Emotional Intelligence तथा Psychological Resilience लाई आधारभूत तथा उन्नत तालिममा समावेस गर्ने ।

७. आधुनिक प्रविधिको प्रयोग
Wearable Devices, Fatigue Monitoring तथा Virtual Reality आधारित Stress Exposure Training को सम्भाव्यता अध्ययन गर्ने ।

८. Family Support Program
परिवार अभिमूखीकरण, पारिवारिक परामर्श तथा Family Assistance कार्यक्रम सञ्चालन गर्ने ।

९. Evidence–Based Human Resource Management
भविष्यका नीति तथा तालिम कार्यक्रमहरू अनुसन्धान, तथ्याङ्क तथा नियमित Stress Survey का आधारमा विकास गर्ने ।

निष्कर्ष:

सशस्त्र प्रहरी बल, नेपालका विपद् उद्धारकर्ताको मानसिक, शारीरिक तथा सामाजिक स्वास्थ्यको संरक्षण कर्मचारी कल्याणको विषय मात्र होइन; यो Operational Readiness, Mission Effectiveness, Human Performance तथा संस्थागत दिगोपनसँग प्रत्यक्ष रूपमा सम्बन्धित रणनीतिक विषय हो । EAP, Supportive Leadership, Peer Support System, नियमित Mental Health Screening, Post–Operation Debriefing, Resilience Training तथा समग्र Wellness Program लाई मानव स्रोत व्यवस्थापनको अभिन्न अंग बनाउन सके विपद् उद्धारकर्ताको स्वास्थ्य, मनोबल, कार्यक्षमता तथा संगठनप्रतिको प्रतिबद्धता अझ सुदृढ हुनेछ ।

निःशुल्क स्वास्थ्य शिविर सञ्चालन

सशस्त्र प्रहरी परिवार महिला संघले काठमाडौंस्थित पशुपतिनाथ मन्दिर परिसरमा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ। हरितालिका तीजको अवसरमा पशुपतिनाथ मन्दिर परिसरमा आउने दर्शनार्थी भक्तजनहरुको लागि संघले उक्त शिविर सञ्चालन गरको थियो ।

शिविरमार्फत श्रद्धालु भक्तजनहरूको स्वास्थ्य परीक्षण गर्नुकासाथै औषधी तथा खानेपानी समेत वितरण गरिएको छ । साथै सशस्त्र प्रहरी बल, नेपालले मन्दिर परिसरमा आउने दर्शनार्थीहरुको शान्ति सुरक्षा एवं व्यवस्थापनको लागि करीब ८ सय जनशक्ति समेत परिचालन गरिएको थियो ।

नेपाल एपीएफ अस्पताल बलम्बुबाट महिला चिकित्सक तथा एम्बुलेन्स सहितको मेडिकल टोली समेत खटिएको थियो, भने प्रधान कार्यालय हल्चोकबाट खानेपानीको लागि ट्यांकर सहितको टोली पनि २८ गते राति बाट नै परिचालित भएका थिए ।

मन्दिर परिसरमा कमाण्ड पोष्ट स्थापना गरी मेला अवधिभर कुनै पनि अवाञ्छित गतिविधि नहोस् भन्ने उद्देश्यले सशस्त्र प्रहरी बल, नेपालले सुक्ष्म निगरानीका लागि सादा पोसाकमा व्यापक मात्रामा सुरक्षाकर्मी परिचालन तथा बागमती नदि किनारमा गोताखोरसहितको उद्धार टोली समेत तयारी हालतमा राखेको थियो ।

कविता

विपत्तिको पीडा

दोर्ण बहादुर कुँवर
सशस्त्र प्रहरी वरिष्ठ हवल्दार

बाढी आयो पहिरो गयो मानवीय क्षति भयो ।
लाउ खाउँ भन्ने उमेरमा आमाको काख रित्तियो ॥
कति मरे कति हराए रुँदारुँदै आफन्तका आँखा सुनिए ।
जिबिको पार्जन गर्ने कामदार सहित कर्मचारी सुरुङ भित्र थुनिए ॥
आमा ढले, बाबा ढले लाला टुहुरा भए बिचल्लीमा परे ।
पिडा दर्दनाक थियो आँखा अगाडि घर परिवार ढले बाँच्ने रहर नगरी कोहिले आत्म हत्या गरे ॥
मर्ने रहर कसैलाई हुदैन डेड बडी सहित घाईते हरुलाई सुरक्षाकर्मीले उद्धार गरे ।
आँखा अगाडि घर ढले बस्ती बगे आफन्त सहित चौपाया बगे धैर्य गर्ने शक्ति गुम्यो बाच्नेहरु डिप्रेशनमा परे ॥
बाढीमा कोई मरे कति परे आफन्त हराईरहे सुरक्षाकर्मीले उद्धार गरिरहे ।
स्कूल पढ्न गएका अबोध बालबालिका भाग्य भरोसाले घर फर्किदा आमाबाबा भेट्न पाईन्छकी भन्ने आशामा कुरिरहे ॥
धनजन सहित मानवीय क्षति भयो धैरैको सिन्दुर पुछिए ।
आफन्त गुमाउनेहरु रोई कराई गुहार गर्दै थिए मानवता हराएका केही दानवले मरेका लासका गहना लुछिरहे ॥
जन्मेपछि मर्नै पर्ने अकालमै कैले नहोस् अब प्राकृतिक विपत्ति ।
देश र जनताको सुरक्षा गर्ने राष्ट्रसेवक आफै ढले प्रार्थना छ, भगवान नदोहोरीओस् नफर्किओस् यो आपत्ति ॥

समर्पण एपीएफ मासिकको लागि

लेख रचना, चुनिटले गरेका कामकारवाही, पत्राउ, बरामद, उद्धार
तथा
अन्य सामग्री पठाउन स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा

इमेल : infosec.secretariat@gmail.com, **फोन** : ०१-५२४९००६

■ **प्रकाशक: सशस्त्र प्रहरी बल, नेपाल** ■ **प्रकाशन समिति:** सप्रउ राधेश्याम धिमाल (संयोजक), सदस्यहरु: प्रा.सप्रउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिल कुमार श्रेष्ठ
लेआउट डिजाइन: सप्रसनि मनोज कुँवर, सप्रह मिनबहादुर हौजाली मगर, **कम्प्यूटर अपरेटर**: सिताराम अधिकारी, **तस्वीर**: छापाखाना, फोटोग्राफी तथा श्रव्यदृष्य शाखा र मातहत इकाई